# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर बाँके
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०७८/०७९
चलानी नम्बर :

फोन नं. ०८१-५४०००९
फ्याक्स नं.०८१-५४०३१८


मिति : २०७८/०५/०८

**विषय : सुचना ! सुचना !! सुचना !!! ।**

उपरोक्त सम्बन्धमा कोहलपुर नगरपालिका नगर कृषि शाखा तर्फको चालु आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रमका लागि देहाय बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नगर कृषि शाखामा निवेदनं दिनका लागि सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अनुदानको प्रकार | बजेट रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खायन आलु उत्पादन कार्यक्रम (संघीय सरकार सशर्त अनुदान) | ४ वटा कलष्टर | ५० प्रतिशत अनुदान | ३० लाख | |
| २ | तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | ४ वटा | ५० प्रतिशत अनुदान | १२ लाख | |

**मापदण्ड तथा आवश्यक कागजातहरु :**

**क. खायन आलु उत्पादन कार्यक्रम**

१.खायन आलु उत्पादन कार्यक्रम अन्तर्गत उन्नत बिउ, बाली संरक्षण, कृषि औजार र उपकरणका लागि मात्र अनुदान उपलब्ध गराईने छ ।

२. अनुदान बढीमा ५० प्रतिशत सम्म हुनेछ ।

३. एउटा कलष्टरमा न्युनतम १० हेक्टर /३०० कठ्ठा/१५ विगाह क्षेत्रफल हुनु पर्नेछ ।

४. कृषक, कृषक समुह, सहकारी, फर्मले आवेदन दिन सक्ने छ । जसमा आलु खेति गर्ने जग्गाको न्युनतम क्षेत्रफल हुनु पर्नेछ ।

५. सामुहिक रुपमा कम्तिमा ७ जना देखि वढीमा २१ जना सम्म रहेको समुहलाई मान्यता दिईनेछ । एउटै वार्डमा एक वा सो भन्दा बढी कृषक/ कृषक समुह/ सहकारी/ फर्मलाई सोही वार्डको एउटा कलष्टर मानीनेछ

प्रमुख प्रशासकीय अधिकृत



ईमेल : kohalpurmun@gmail.com, info@ kohalpurmun.gov.np वेवसाईट : www.kohalpurmun.gov.np
फोन नं. ०८१-५४०३१८,५४००९

# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर बाँके
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०७८/०७९
चलानी नम्बर :

फोन नं. ०८१-५४०००९
फ्याक्स नं.०८१-५४०३१८


६. कृषक समुह/ सहकारी/ फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी र जग्गाको क्षेत्रफल खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।( ऐलानी प्रति जग्गाको हकमा सम्बन्धित वार्डले क्षेत्रफल खुल्ने गरी दिएको सिफारिस पत्र )

७. सम्बन्धित वडाको सिफारिस पत्र र समुह भएका समुहको निर्णय प्रतिलिपी।

८. निवेदन र नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

**ख. तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन**

१. **तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** अन्तर्गत उन्नत बिउबिजन, कृषि औजार, सिंचाई, टनेल र उपकरणका लागि मात्र अनुदान उपलब्ध गराईने छ ।

२. अनुदान बढीमा ५० प्रतिशत सम्म हुनेछ ।

३. एउटा कलष्टरमा न्युनतम ५ कठ्ठा देखि बढीमा १.५ विगाह क्षेत्रफल हुनु पर्नेछ ।

४. कृषक समुह, सहकारी, फर्मले आवेदन दिन सक्ने छ ।

५. तरकारी खेति सम्बन्धी कार्ययोजना ।

६. कृषक समुह/ सहकारी/ फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी र जग्गाको क्षेत्रफल खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।( ऐलानी प्रति जग्गाको हकमा सम्बन्धित वार्डले क्षेत्रफल खुल्ने गरी दिएको सिफारिस पत्र )

७. सम्बन्धित वडाको सिफारिस पत्र र समुह भएका समुहको निर्णय प्रतिलिपी।

८. निवेदन र नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

.................................
टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**